# अवधारणा-पत्र

(Concept Paper)



न्यूनतम पारिश्रमिक निर्धारण समिति, २०६६

(Minimum Wages Fixation Committee, 2066)

# अवधारणा-पत्र

(Concept Paper)



**न्यूनतम पारिश्रमिक निर्धारण समिति, २०६६**

(Minimum Wages Fixation Committee, 2066)


| | | |
|---|---|---|
| **प्रकाशक** | : | नेपाल सरकार<br>न्यूनतम पारिश्रमिक निर्धारण समिति<br>सिंहदरबार, काठमाडौं । |
| **प्रकाशन मिति** | : | २०६७ जेठ |
| **प्रकाशन प्रति** | : | १००० प्रति |
| **मुद्रक** | : | द फन्ट मिडिया एण्ड पब्लिकेशन प्रा.लि., ४४६५३७२ |

## परिचय (Introduction)

श्रमजीवी पत्रकार सम्बन्धी ऐन २०५१ को दफा ११ ले गरेको व्यवस्था बमोजिम श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक निर्धारणलगायतका कार्य गर्नका लागि नेपाल सरकारले २०६६ कार्तिकमा वर्तमान न्यूनतम पारिश्रमिक निर्धारण समितिको गठन गरेको हो । यसअघि श्रमजीवी पत्रकार ऐन संशोधन हुनु पहिले २०५४, २०५७, २०६० र २०६४ असार तथा ऐन संशोधनपछि २०६४ भदौमा समिति गठन भएका थिए ।





## कार्यक्षेत्र (Working Areas)

श्रमजीवी पत्रकार सम्बन्धी ऐन २०५१ ले गरेको व्यवस्था बमोजिम समितिको कार्यक्षेत्र देहायबमोजिमका विषयमा नेपाल सरकारलाई सिफारिश गर्ने रहेको छ -

- संचार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको न्यूनतम पारिश्रमिक रकम निर्धारण गर्ने
- त्यस्तो पारिश्रमिक रकममा आवश्यकता अनुसार पुनरावलोकन गर्ने
- श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको पदको तहगत वर्गीकरण गर्ने
- श्रमजीवी पत्रकार सम्बन्धी ऐनको कुनै व्यवस्था कुनै संचार प्रतिष्ठानमा लागू नहुने सन्दर्भमा नेपाल सरकारलाई परामर्श दिने
- सूचना तथा संचार मन्त्रालयबाट तोकिएबमोजिम न्यूनतम पारिश्रमिक र अन्य व्यवस्था लागू भए नभएको अनुगमन गर्ने
- तोकिएबमोजिमका अन्य काम, कर्तव्य र अधिकारको निर्वाह र प्रयोग गर्ने ।



## विद्यमान अवस्था (Present Status)

श्रमजीवी पत्रकारको सन्दर्भ प्रसंगवश उठ्न थालेको पाँच दशकभन्दा बढी भए पनि तिनको हक अधिकारको पहिलो कानूनी संबोधन श्रमजीवी पत्रकार सम्बन्धी ऐन २०५१ बाट भएको हो । २०६४ सालमा ऐनमा पहिलो संशोधन भएपछि न्यूनतम पारिश्रमिक निर्धारण समितिबाट विगतमा पारिश्रमिक निर्धारण, पदको तहगत वर्गीकरण र अनुगमनका केही प्रयत्न भएका छन् भने कही संचार प्रतिष्ठानले ऐन कार्यान्वयनको सुरुवात समेत गरेका छन् ।

सूचना विभागले प्रकाशन गरेको पछिल्लो तथ्यांक अनुसार २०६६ फागुनसम्ममा देशभरमा गरी ५ हजार ६ सय ४८ वटा पत्रपत्रिका



दर्ता भएका देखिन्छ । तीमध्ये कति प्रकाशनमा छन् र त्यसमा पनि कति नियमित छन् भन्ने तथ्यांक कतै पनि छैन । प्रेस काउन्सिलको आर्थिक वर्ष २०६४-२०६५ को पछिल्लो वर्गीकरण विवरण अनुसार वर्गीकरणमा परेका करिब ५ सय ३० वटा पत्रपत्रिकामध्ये 'क' वर्गमा परेका पत्रपत्रिकाको संख्या ८५ छ ।

रेडियोतर्फ रेडियो नेपाल एकमात्र मिडियमवेभ र राष्ट्रिय प्रसारणका रुपमा छ भने २०६७ बैशाखसम्म एफएम प्रसारणका रुपमा ३ सय ८२ वटा दर्ता भएकामध्ये २ सय ३२ वटा हाल प्रसारणमा रहेको सूचना तथा संचार मन्त्रालयको तथ्यांकमा देखिन्छ । तीमध्ये ५०० वाट वा सो भन्दा बढी प्रसारण क्षमताका एफएमको संख्या झन्डै डेढ सय रहेको छ । त्यस्तै टेलिभिजनतर्फको तथ्यांक हेर्दा कुल दर्ता ३३ मध्ये १२ वटा व्यापारिक प्रसारणमा रहेका पाइन्छ । संचार प्रतिष्ठानकै रुपमा परिभाषित संचार सम्बन्धी कुनै व्यवसाय वा सेवा संचालन गर्ने सार्वजनिक वा निजी संचारमाध्यमको एकीकृत तथ्यांक कतै पनि राखिएको पाइन्न । राष्ट्रिय समाचार समितिले जस्तै सेवा दिने भनेर दर्ता भएका समाचार सेवा एवं समाचारमूलक कार्यक्रम उत्पादन या वितरण गर्ने श्रव्य वा श्रव्यदृश्य सामग्री उत्पादन वा प्रसारण गृह, समाचार पोर्टल वा अनलाइन सेवाको संख्या पनि ५० भन्दा बढी नै रहेको अनुमान गर्न सकिन्छ ।

यी सबै संचार प्रतिष्ठानमा गरी श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको संख्या कति छ भन्ने तथ्यांक कसैसँग पनि छैन । यसबारेमा अहिलेसम्म ठोस अध्ययनसमेत नभएको अवस्था छ । तैपनि नेपाल पत्रकार महासंघको सदस्यतालाई आधार मानेर हेर्दा करिव ८ हजारको संख्यामा श्रमजीवी पत्रकार र त्यसको तेब्बर संख्यामा कर्मचारी-कामदार रहेको मोटामोटी अनुमान गर्न सकिन्छ ।



## परिकल्पना (Vision)

लोकतन्त्रको एउटा प्रमुख आधार विचार तथा अभिव्यक्ति स्वतन्त्रता हो भने त्यसको मुख्य माध्यम स्वतन्त्र र स्वच्छ पत्रकारिता । समितिको परिकल्पना संचार प्रतिष्ठानहरुमा उचित श्रम अभ्यासको माध्यमबाट असल श्रम सम्बन्ध कायम गर्दै स्वच्छ र व्यावसायिक पत्रकारिताको प्रबर्द्धन एवं समग्र मिडियाको सबलीकरण र संस्थागत विकासमा टेवा पुऱ्याउनु रहेको छ ।





## उद्देश्य (Mission and Objectives)

स्वच्छ पत्रकारिताको विकास एवं समग्र मिडियाको सबलीकरण र संस्थागत प्रबर्द्धनका निम्ति श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको पेशागत हक अधिकारको सुनिश्चितता तथा व्यावसायिक दक्षता अभिवृद्धि महत्वपूर्ण पक्षका रुपमा रहेको वास्तविकतालाई ध्यानमा राखी समितिले देहायका मूलभूत उद्देश्यहरु तय गरेको छ -

- सबै संचार प्रतिष्ठानमा श्रमजीवी पत्रकार सम्बन्धी ऐन र नियमावलीको कार्यान्वयनको अवस्था सिर्जना गराउनु
- न्यूनतम पारिश्रमिक निर्धारण, पुनरावलोकनका साथै समग्र ऐन, नियम कार्यान्वयनको वातावरण निर्माणमा सरकार, संचार प्रतिष्ठान व्यवस्थापन र श्रमजीवी तीनै पक्षबीच समन्वय र सामूहिक भावनाकासाथ ठोस पहल गर्नु ।

**लक्ष्य** (Goal)

समितिबाट यस अगावै सम्पादन भैसकेको संचार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको न्यूनतम पारिश्रमिक रकम निर्धारण तथा पदको तहगत वर्गीकरणलाई समेत आधार मानी वर्तमान समितिले देहायबमोजिमका दीर्घकालीन तथा अल्पकालीन लक्ष्य निर्धारण गरेको छ -

(**क**) **दीर्घकालीन लक्ष्य** (Long Term Goal)

समितिको दीर्घकालीन लक्ष्य निम्नानुसार निर्धारण गरिएको छ -

- सम्पूर्ण संचार प्रतिष्ठानमा श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयनको वातावरण निर्माण गर्ने
- सम्पूर्ण संचार प्रतिष्ठानका सबै तहमा अनिवार्यरुपमा न्यूनतम पारिश्रमिक कार्यान्वयनको पहल गर्ने-गराउने
- तोकिएको न्यूनतम पारिश्रमिकको समय समयमा पुनरावलोकन गर्ने
- श्रमजीवी पत्रकार सम्बन्धी ऐन नियममा रहेका अव्यावहारिक पक्षमा सुधार गर्ने
- ऐन कार्यान्वयन एवं संचार क्षेत्रको बृहत्तर हितसँग सम्बन्ध राख्ने विज्ञापन, संचारमाध्यमको वर्गीकरण, उद्योग सरहको सुविधालगायत प्रबर्द्धन कार्यमा समन्वय र सहजीकरणको भूमिका निर्वाह गर्ने ।



(**ख**) **अल्पकालीन लक्ष्य** (Short Term Goal)

अधिकांश संचार प्रतिष्ठानहरुमा न्यूनतम पारिश्रमिक कार्यान्वयन नभएको र कुनै पनि संचार प्रतिष्ठानमा श्रमजीवी पत्रकार सम्बन्धी ऐनको पूर्णरुपमा कार्यान्वयन नभएको विद्यमान अवस्थालाई ध्यानमा राखी आगामी दुई वर्षका लागि समितिको अल्पकालीन लक्ष्य निम्नानुसार निर्धारण गरिएको छ -

- श्रमजीवी पत्रकारसम्बन्धी विद्यमान ऐन नियमको व्यवस्था, कार्यान्वयनको दायित्व र कार्यान्वयन नगर्दा आइपर्ने समस्याका सन्दर्भमा सम्बद्ध पक्षलाई जागरुक बनाउने
- देहायका संचार प्रतिष्ठानमा यस अवधिभित्र नेपाल सरकारद्वारा निर्धारित न्यूनतम पारिश्रमिकका साथै श्रमजीवी पत्रकार सम्बन्धी ऐन २०५१ र नियमावली २०५३ ले गरेको व्यवस्था बमोजिमका सुविधा कार्यान्वयनमा पहल र अनुगमन गर्ने -
  - ➢ राष्ट्रिय तहका सरकारी संचारमाध्यमहरु
  - ➢ राष्ट्रिय तहका ब्रोडसीट दैनिक पत्रपत्रिकाहरु
  - ➢ राष्ट्रिय ‘क’ वर्गका सबै पत्रपत्रिकाहरु
  - ➢ सबै टेलिभिजन प्रसारण संस्थाहरु
  - ➢ ५०० वाट वा सो भन्दा बढी क्षमताका एफएम स्टेशनहरु ।

- समितिको कार्यक्षेत्रको स्पष्टताका लागि श्रमजीवी पत्रकारसम्बन्धी विद्यमान ऐनमा संशोधन गरी समितिलाई मिडिया पारिश्रमिक बोर्डका रुपमा विकास तथा अनुगमन निकायका रुपमा समेत संचालन हुने व्यवस्था मिलाउने ।

- समितिको कार्यक्षेत्रको स्पष्टता एवं ऐन-कानुन कार्यान्वयनमा सहजताका लागि श्रमजीवी पत्रकारसम्बन्धी विद्यमान नियमावलीमा पुनरावलोकन गर्ने-गराउने ।

- श्रमजीवी पत्रकारसम्बन्धी विद्यमान ऐन नियम कार्यान्वयनमा सहजताका लागि विद्युतीय संचारमाध्यममा समेत लोककल्याणकारी विज्ञापनको पहुँचका साथै संचारमाध्यममा विज्ञापन, उद्योग सरहको सुविधालगायतका मुद्दामा सहजीकरण गर्ने

- बजारमूल्य र अन्य श्रम क्षेत्रमा पारिश्रमिकमा हुने फेरबदलसमेतका आधारमा न्यूनतम पारिश्रमिकमा पुनरावलोकन गर्ने

- श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको वास्तविक अवस्थाको बारेमा अध्ययन अनुसन्धान गर्ने ।





## रणनीति (Strategy)

उल्लेखित लक्ष्य तथा उद्देश्य हासिल गर्न समितिले देहायका रणनीति अवलम्बन गर्नेछ -

- संचार प्रतिष्ठानका व्यवस्थापन, श्रमजीवी पक्ष एवं सम्बद्ध सरकारी अधिकारी र निकायसँग सामूहिक तथा अलग अलग छलफल, अन्तरक्रिया
- बैठक, गोष्ठी तथा छलफलको आयोजना
- संचार प्रतिष्ठानको स्थलगत अवलोकन, अनुगमन र कार्यक्षेत्रमै अन्तरक्रिया
- श्रमजीवी पक्ष र संचार प्रतिष्ठानको अवस्थाबारे अध्ययन अनुसन्धान
- संचार सम्बद्ध संघ संगठनहरुसँग छलफल तथा सहकार्य
- सरोकारवाला पक्षसँग परामर्श, वकालत र लविङ
- प्रतिवेदन, पुस्तिका एवं अन्य सहायक सामग्रीको उत्पादन, प्रसारण, वितरण
- कानूनी दायित्वबमोजिम आवश्यक विषयमा सरकारसमक्ष सिफारिश र राय प्रस्तुत ।

## कानूनी व्यवस्था (Legal Provision)

श्रमजीवी पत्रकार सम्बन्धी ऐन र नियमावलीले व्यवस्था गरेबमोजिम श्रमजीवी पत्रकार, कर्मचारी र कामदारका लागि निर्धारित मुख्य सेवा सुविधाहरु देहाय बमोजिम छन् -

### (क) न्यूनतम पारिश्रमिक

- संचार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकारका लागि पाँच हजार दुई सय र कामदार तथा कर्मचारीका लागि चार हजार छ सय रुपियाँ न्यूनतम मासिक पारिश्रमिक निर्धारण भई २०६६ बैशाख १ गतेदेखि लागू भैरहेको ।
- यो पारिश्रमिक उक्त ऐनले परिभाषा गरेका सवै संचार प्रतिष्ठानमा लागू हुने व्यवस्था रहेको ।
- श्रम क्षेत्रमा प्रचलित अभ्यास, बजार मूल्य, संचार प्रतिष्ठानको अवस्था आदिलाई ध्यानमा राखी निर्धारित न्यूनतम पारिश्रमिकमा पुनरावलोकन हुने कानूनी व्यवस्था रहेको, सोही व्यवस्था बमोजिम पुनरावलोकनको लागि गृहकार्य पनि भैरहेको ।
- संवैधानिक तथा कानूनी व्यवस्था, प्रचलित श्रम अभ्यास, अन्तर्राष्ट्रिय मान्यता र प्रावधान समेतका आधारमा श्रमको शोषण हुन नदिन निर्धारण गरिने यस्तो व्यवस्थालाई कार्यान्वयन गर्नु संचार प्रतिष्ठानको दायित्व हुन्छ , त्यसको कार्यान्वयन नगरे सुविधामा रोक लगाउन सक्ने कानूनी व्यवस्था समेत छ ।



### (ख) अन्य सुविधा

- पदको तहगत वर्गीकरण एवं नियुक्ति पत्र
- सार्वजनिक तथा अन्य बिदा (अन्य बिदामा भैपरी आउने र पर्व बिदा, घर बिदा, बिरामी बिदा, सुत्केरी बिदा, किरिया बिदा, बेतलबी बिदा पर्दछन्)
- स्थायीको व्यवस्था
- वार्षिक तलब वृद्धि (ग्रेड)
- कल्याणकारी कोषको स्थापना
- संचय कोष
- उपचार खर्च
- बीमा
- उपदान
- चाडपर्व खर्च
- ओभर टाइम
- दैनिक तथा भ्रमण भत्ता
- अशक्त वृत्ति
- क्षतिपूर्ति आदि ।



## कार्यक्रम तथा कार्ययोजना (Program and Work Plan)

(क) पहिलो एक वर्ष (०६६/६७) का कार्यक्रम तथा कार्ययोजनाहरु -

१. **गोष्ठी/अन्तरक्रिया** (Workshop and Interaction)

- सरोकारवाला संस्था, संचार प्रतिष्ठान व्यवस्थापन र श्रमजीवी पक्षको सहभागितामा राष्ट्रिय तहमा बृहत गोष्ठी/सामूहिक अन्तरक्रिया
- सरकारी संचारमाध्यमको व्यवस्थापन र श्रमजीवी पक्षबीच सामूहिक अन्तरक्रिया
- श्रमजीवी मुद्दासँग सरोकार राख्ने संचार संघ संगठनहरुबीच सामूहिक अन्तरक्रिया
- निजी क्षेत्रका टेलिभिजन र दैनिक पत्रपत्रिका सम्बद्ध व्यवस्थापनका नेतृत्वदायी संस्था र व्यवस्थापन पक्षसँग सामूहिक अन्तरक्रिया
- एफएम रेडियो सम्बद्ध नेतृत्वदायी संस्था र व्यवस्थापन पक्षसँग सामूहिक अन्तरक्रिया
- साप्ताहिक-पाक्षिक पत्रपत्रिका सम्बद्ध नेतृत्वदायी संस्था र राजधानीस्थित राष्ट्रिय 'क' वर्गका पत्रपत्रिकाका व्यवस्थापन पक्षसँग सामूहिक अन्तरक्रिया
- चौधवटै अञ्चल समेट्ने गरी स्थानीय तहमा छुट्टाछुट्टै सामूहिक अन्तरक्रिया

२. **अनुगमन** (Monitoring)

- अल्पकालीन लक्ष्यमा समेटिएका संचार प्रतिष्ठानमध्ये कम्तीमा २५ प्रतिशत संचार प्रतिष्ठानमा अनुगमन



- अनुगमनका आधारमा संचार प्रतिष्ठानमा न्यूनतम पारिश्रमिक र ऐन, नियम कार्यान्वयन अवस्था सम्बन्धी प्रतिवेदन प्रकाशन तथा सरकार समक्ष सिफारिश ।

३. **न्यूनतम पारिश्रमिकमा पुनरावलोकन** (Review of Minimum Wages)

- समितिले विगतमा गरेको सिफारिश, बजार मूल्य र अन्य श्रम क्षेत्रको पारिश्रमिकमा भएको फेरबदल र यस अघि प्रथम चरणमा लागू भएको पारिश्रमिकमा समायोजन हुने गरी न्यूनतम पारिश्रमिकमा पुनरावलोकन गरी लागू गर्न गराउन पहल गर्ने ।

४. **ऐन-नियममा पुनरावलोकन** (Review of Rules and Regulations)

- श्रमजीवी पत्रकार सम्बन्धी ऐनमा समिति सम्बद्ध व्यवस्थामा तत्काल पुनरावलोकनका लागि सूचना तथा संचार मन्त्रालयमा पहल गर्ने, ऐनका अन्य व्यवस्थालाई समयानुकुल र व्यावहारिक बनाउन प्रक्रिया शुरु गर्ने ।
- श्रमजीवी पत्रकार सम्बन्धी विद्यमान ऐनको परिधिभित्र रही नियमावलीमा आवश्यक परिमार्जनका लागि समिति बनाई गृहकार्य गर्ने र समितिको सिफारिश बामोजिम सूचना तथा संचार मन्त्रालय मार्फत पहल अघि बढाउने ।

५. **अन्य** (Other)

- नेपाल सरकारले चाहेका विषयमा सिफारिश एवं राय सल्लाहका साथै दैनिक प्रशासन र अन्य नियमित विषयसँग सम्बन्धित कार्यहरु ।

### (ख) आगामी त्रिवर्षीय योजना (आर्थिक वर्ष ०६७/०६८ -०६९/०७०) का लागि प्रस्तावित कार्यक्रम तथा कार्ययोजनाहरु

- लक्षित उद्देश्यका लागि स्वीकृत योजना अनुरुप राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहमा बृहत् गोष्ठी, अन्तरक्रिया र छलफल कार्यक्रम संचालन गर्ने ।
- अल्पकालीन लक्ष्यमा उल्लेख भएका सबै संचार प्रतिष्ठान समेट्ने गरी अनुगमन गर्ने ।
- वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने ।
- श्रमजीवी पत्रकार सम्बन्धी ऐन, नियममा आवश्यक पुनरावलोकन कार्य सम्पन्न गरी अल्पकालीन् लक्ष्यमा उल्लेख भएका सबै संचारमाध्यममा ऐन, नियम कार्यान्वयनको लागि आवश्यक सहजीकरणका कार्यहरु गर्ने ।
- ऐन, नियममा परिमार्जन पश्चातका कार्यक्षेत्र र दायित्वसमेत निर्वाह गर्नसक्ने गरी कार्यालय व्यवस्थापन एवं जनशक्ति र सचिवालय सुदृढीकरण गर्ने ।
- न्यूनतम पारिश्रमिक र पदको तहगत वर्गीकरणमा पुनरावलोकन गर्ने ।
- नेपाल सरकारले चाहेका विषयमा सिफारिश एवं राय सल्लाहका साथै दैनिक प्रशासन र अन्य नियमित विषयसँग सम्बन्धित कार्यहरु गर्ने ।





**समितिको संरचना** (Structure of Committee)

ऐनको दफा ११ (१) बमोजिम नेपाल सरकार मन्त्रीस्तरको २०६६ कार्तिक १८ र मिति २०६६ पुस १२ को निर्णय बमोजिम गठित वर्तमान न्यूनतम पारिश्रमिक निर्धारण समितिको संरचना देहाय बमोजिम छ-

(क) महेन्द्र विष्ट, अध्यक्ष

(ख) नारायणप्रसाद रेग्मी, सहसचिव, सूचना तथा संचार मन्त्रालय - सदस्य

(ग) पूर्णचन्द्र भट्टराई, सहसचिव, श्रम तथा यातायात मन्त्रालय - सदस्य

(घ) धर्मेन्द्र झा, अध्यक्ष, नेपाल पत्रकार महासंघ - सदस्य

(ङ) रमेश विष्ट, प्रतिनिधि, श्रमजीवी पत्रकार - सदस्य

(च) डी आर घिमिरे, प्रतिनिधि, श्रमजीवी पत्रकार - सदस्य

(छ) संगीता खड्का, प्रतिनिधि, श्रमजीवी पत्रकार - सदस्य

(ज) उज्ज्वल शर्मा, व्यवस्थापन प्रतिनिधि - सदस्य

(झ) डिमा पाखिन, व्यवस्थापन प्रतिनिधि - सदस्य

(ञ) हरि मण्डल, व्यवस्थापन प्रतिनिधि - सदस्य

(ट) भगवती तिमिल्सिना, कर्मचारी कामदार प्रतिनिधि - सदस्य

(ठ) स्नेह सायमि, अर्थ विशेषज्ञ - सदस्य

(ड) श्रीधर गौतम, प्रेस रजिष्ट्रार - सदस्य सचिव



**सीमा र जोखिम** (Limitation and Risks)

समितिलाई सरोकारवाला पक्षको चाहना र आवश्यकता बमोजिम कार्य सम्पादन गर्न मूलतः देहायका सीमाहरु रहेका छन्-

- कार्यक्षेत्र र दायित्वका सन्दर्भमा विद्यमान अस्पष्टता
- कमजोर संगठनात्मक अवस्था
- समितिको स्रोत साधन र बजेटको सीमितता
- सम्बद्ध पक्षको प्रथमिकतामा कमी
- संचार प्रतिष्ठानमा रहेको कमजोर व्यवस्थापन
- संचार प्रतिष्ठानलाई उद्योगको रुपमा मान्यता र सुविधा प्रदान नभएको कारण व्यावसायिक तथा संस्थागत विकास हुन नसकिरहेका अवस्था
- सरोकारवाला संस्थाहरुमा नीतिगत अस्पष्टता तथा कानून कार्यान्वयनप्रति जागरुकता एवं समन्वय र सामूहिकताको भावनामा कमी
- संक्रमणकालीन स्थितिका कारण उत्पन्न जटिलता ।





**प्रतिवद्धता** (Commitment)

**समितिको परिकल्पना, उद्देश्य र लक्ष्यहरुको परिपूर्तिका निम्ति समयबद्ध योजना तथा कार्यक्रम सम्पन्न गरी अपेक्षित परिणाम हासिल गर्न वर्तमान समिति प्रतिवद्ध छ ।**

**नेपाल सरकार**

**न्यूनतम पारिश्रमिक निर्धारण समिति**

सिंहदरबार, काठमाडौं, नेपाल

फोन/फ्याक्सः ४२११८४४

इमेलः mediawage@gmail.com

वेबः www.mediawage.gov.np